**२०८० साल जेठ ७, आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** "लुम्बिनी सांस्कृतिक नगरपालिका र चीनको सिनचोउ नगर, दक्षिण कोरियाको सियोलयुन काउन्टी (Cheolyun County) र भारतको कुशीनगर नगरपालिकासँग भगिनी सम्बन्ध कायम गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।"

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** कपिलवस्तु नगरपालिका र थाइल्याण्डको खोनकान शहरसँग भगिनी सम्बन्ध कायम गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** प्रदेश सरकार (कार्य विभाजन) नियमावली , २०७९ को अनुसूची २ हेरफेर गर्ने ।

४. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** विविध विषयको लु.प्र.म.प.बै.सं. ८/२०८०, मिति २०८०/०२/०७ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा प्रदेश सरकार (मन्त्रिपरिषद्) ले देहाय बमोजिम निर्णय गरेको छ-

   क) मिति २०८०।०२।१२, शुक्रवार दिनको १ बजे प्रदेश सभाको अधिवेशन आव्हान गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने ।

   ख) "मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशको मुकाम: बुटवलमा माननीय मन्त्रीज्यूहरुको प्रयोगमा रहेका विभिन्न आवासहरु मध्ये दुई वटा अतिथी गृह कायम राखी बाँकी रहेका सबै मन्त्रालयका आवास स्थायी राजधानीमा सार्ने र उक्त आवासमा रहेका सबै प्रकारका सामानहरु समेत स्थायी राजधानीमा ल्याउने व्यवस्था मिलाउने र बुटवलमा प्रदेश सरकारको स्वामित्वमा रहेका चल-अचल सम्पत्तिको सुरक्षा र उचित व्यवस्थापन खानेपानी, ग्रामीण तथा शहरी विकास मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको समन्वयमा गर्ने ।"